भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
७ नं प्रदेश, नेपाल

भागेश्वर गाउंपालिका

# गाउं कार्यपालिकाको कार्यालय

बगरकोट, डडेल्धुरा

प्रदेश नं. ७, नेपाल

## संक्षिप्त सूचीमा परेका सहयोगी संस्थाहरुवाट प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान

(प्रस्ताव आव्हान गरिएको मिति : २०७५/०४/३१)

मिति २०७५ आषाढ २७ मा प्रकाशित सूचना वमोजिम पर्न आएका आवेदनहरुको संक्षिप्त सूची मूल्यांकन गर्दा संक्षिप्त सूचीमा पर्न सफल भएका तपसील बमोजिमका गैह्र सरकारी संस्थाहरुबाट ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत यस गाउंपालिकामा सञ्चालन हुने जलस्रोत विकास (सामुदायिक खानेपानी तथा सरसफाई, सिंचाई, उर्जा विकास), सामाजिक परिचालन तथा सहकारी विकास एवं जीवीकोपार्जन, उपभोक्ता समिति/उपभोक्ता, गाउं पालिकाको क्षमता विकास, पोषण समेतका कार्यहरुमा सहजीकरण गर्नको लागि मिति २०७५ श्रावण ३१ गतेको गाउंपालिका परियोजना व्यवस्थापन समितिको निर्णय बमोजिम यो प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको छ । संक्षिप्त सूचीमा पर्न सफल भएका गैह्र सरकारी संस्थाहरुले मिति २०७५ भाद्र २० गते भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव अलग अलग पेश गर्न सूचितगरिन्छ ।

संक्षिप्त सूचीमा पर्न सफल भएका संस्थाहरु:

१. ग्रामीण महिला विकास तथा एकता केन्द्र(RUWDUC), डडेल्धुरा

२. ग्रामीण विकास सेवा केन्द्र(RDSC), बैतडी

३. बहुउद्धेश्यीय विकास समाज(MPDS), डडेल्धुरा

प्रस्तावना तयारी तथा पेश गर्ने सम्बन्धी विस्तृत निर्देशन प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान पत्रमा दिइएको छ । प्राविधिक तथा आर्थिक प्रस्ताव फाराम रु १००० (एक हजार रुपैंया मात्र) भागेश्वर गाउं कार्यपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, डडेल्धुरामा रहेको खाता नं. ४०२०३०४०१८१०५ मा जम्मा गरी सक्कल भौचर पेश गरेपछि भागेश्वर गाउं कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइनेछ । प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगी संस्था छनौट तथा परिचालन कार्यविधि बमोजिम गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा
विद्युतीय सूचनामा प्रकाशित गरिदिने

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner